सूचनाको हक सम्वन्धि एन,२०६४ को दफा ५(३) बमोजिम प्रकाशन गरिएको जिल्ला समन्वय समितिको कार्यालय,अर्घाखाँचीसगँ सम्वन्धित

# स्वत: प्रकाशन

## (Pro-Active Disclosure)



२०८२ श्रावण १ गते देखि २०८२ असौज मसान्तसम्म

**प्रकाशक**

जिल्ला समन्वय समितिको कार्यालय,सन्धिखर्क, अर्घाखाँची ।

१. जिल्ला समन्वय समितिको कार्यालयको परिचय, स्वरुप र प्रकृति:

नेपालको संविधान, २०७२ को भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धमा व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा ५६ मा राज्यको संरचना उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । उपधारा (२) अनुसार नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने प्रावधान छ । धारा ५६ को उपधारा (४) मा गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई स्थानीय तहको रुपमा परिभाषित गरेको छ ।

सविधाको धारा ५७ को उपधारा (४) ले संविधानको अनुसूची-८ अनुसारको एकल अधिकारका विषयमा स्थानीय तहको अधिकार निहित गर्दै सो अधिकारको प्रयोग गाउँसभा, नगरसभा र जिल्ला सभाले बनाएको कानून बमोजिम हुने र संविधानको धारा २२० अनुसार जिल्ला सभा र जिल्ला सभाको कार्य जिल्ला समन्वय समितिको नामबाट हुने गरी गठन भएको जिल्ला समन्वय समिति स्थानीय तह होईन कि भन्ने भ्रम यदाकदा देखिन्छ ।

जिल्ला समन्वय समितिको कार्यालयमा रहने कर्मचारीको दरबन्दीमा संघमा समायोजन भएका कर्मचारीमात्र खटिने र संविधानको अनुसूचीको एकल वा साझा अधिकारका सूची भित्रका विषय जि.स.स. को कार्यक्षेत्र भित्र नहुँदा बुझाईमा कसैलाई दुविधा रहन सक्छ । तर नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष निर्वाचक भएको प्रतिनिधिले गाउँसभा, नगरसभाका सदस्यहरु मध्येबाट जि.स.स. प्रमुख, उपप्रमुख र सदस्य निर्वाचन गरी गठन भएको जि.स.स. संविधानतः स्थानीय तह नै हो ।

नेपालको संविधान, २०७२ को धारा २२० ले जिल्ला समन्वय समितिलाई प्रदत गरेको काम कर्तब्य र अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-१२ जिल्ला सभा सम्बन्धि व्यवस्थाको दफा ९२ देखि ९६ सम्म तोकिएको कार्य जिल्ला समन्वय समितिको कार्यमा पर्दछ ।अझ सरल भाषामा भन्ने हो भने जिल्ला सभा गर्ने तथा जिल्ला सभाले तोकेको कार्य सम्पन्न गर्ने, अनुगमन गर्ने तथा समन्वय गर्ने नै प्रमुख कार्य हो । जिल्ला भित्र रहेका संघ, प्रदेशका कार्यालय लगायत स्थानीय तहहरुले जि.स.स. को समन्वयमा रही कार्य गर्नुपर्ने छ । त्यसैले जिल्लास्थित संघीय कार्यालयहरु, प्रदेश कार्यालयहरु लगायत स्थानीय तहको समन्वय तथा अनुगमन गर्ने निकाय वा कार्यालयको रुपमा जि.स.स. रहेको छ ।

CamScanner

## २. जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा २२० को उपधारा (७) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

- जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

- जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

- नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।


## ३. जिल्ला समन्वय समितिको पदाधिकारीहरुको विवरणः

स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित जिल्ला समन्वय समितिको पदाधिकारीको नामावली यस प्रकार रहेको छः-

| क्र.स. | पद | नाम र थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री जीवनारायण कोईराला | पाणिनी-५ | ९८५७०६१३६३ |
| २ | उप-प्रमुख | श्री लक्ष्मी शर्मा ज्ञवाली | छत्रदेव-१ | ९८४७१४८१९६ |
| ३ | सदस्य | श्री कमल घिमिरे | पाणिनी-७ | ९८५७०६१२०१ |
| ४ | सदस्य | श्री झुपलाल खनाल | भुमिकास्थान-८ | ९८५७०६१०६० |
| ५ | सदस्य | श्री लक्ष्मण कँडेल | सन्धिखर्क-७ | ९८५७०६६५७० |
| ६ | सदस्य | श्री टुल्का देवी आचार्य | मालारानी-४ | ९८४७३४४४४० |
| ७ | सदस्य | श्री डाल कुमारी भण्डारी | शितगंगा-१० | ९८४७३५३१४४ |
| ८ | सदस्य | श्री सीता आचार्य | मालारानी-१ | ९८६७२१५९११ |
| ९ | सदस्य | श्री मिना विसी परियार | शितगंगा-१३ | ९८६००५२८४६ |

## ४. जिल्ला समन्वय समिति अर्घाखाँचीको संगठन संरचना तथा कर्मचारी दरबन्दी:-

<u>जिल्ला समन्वय समिति, अर्घाखाँचीको संगठन संरचना:</u>



अर्घाखाँची
सन्धिखर्क
लुम्बिनी प्रदेश, नेपाल

जिल्ला समन्वय समितिको कार्यालय,अर्घाखाँचीमा कार्यरत कर्मचारीहरुको दरवन्दी तालिका:-

| क्र.स. | पद | श्रेणी | सेवा | समुह | दरवन्दी संख्या | पदपुर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितिय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| २ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ३ | इन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल | १ | १ | -- | |
| ४ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | -- | |
| ६ | सब-इन्जिनियर | रा.प.अनं. प्रथम | इन्जि | सिभिल | १ | ... | १ | |
| ७ | खरिदार | रा.प.अनं. द्वितिय | प्रशासन | सामान्य प्रशासन | १ | १ | -- | |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | -- | -- | २ | २ | -- | करार |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | -- | -- | ३ | ३ | -- | करार |
| | जम्मा | | | | १२ | ११ | १ | |
| | | | करार सेवा प्रयोजन | | | | | |
| १० | ना.सु | रा.प.अनं. प्रथम | -- | -- | १ | १ | -- | करार |

## ५. कार्यरत कर्मचारीहरुको नामावली तथा सम्पर्क नम्बर:

| क्र.स. | कर्मचारीको नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | राजेन्द्र प्रसाद गौतम | जिल्ला समन्वय अधिकारी | ९८५७०४४२२२ |
| २. | वावुराम थापा | शाखा अधिकृत | ९८६४४६७६२८ |
| ३. | कुशल भण्डारी | इन्जिनियर | ९८४६७७७५७० |
| ४. | विनोद प्रसाद कुँवर | ना.सु. | ९८५७०६३०४७ |
| ५. | योगेस पन्थी | ले.पा. | ९८५१०४९५८० |
| ६. | जीवलाल घिमिरे | निजी सहायक, ना.सु. | ९८५७०८६५०५ |
| ७. | नारायण प्रसाद दमासे | खरिदार | ९८५७०५१९६१ |
| ८. | गोविन्द प्रसाद शर्मा | ह.स.चा. | ९८६७२१२४५१ |
| ९. | पारस भट्टराइ | ह.स.चा. | ९८५७०६१४४७ |
| १०. | मुकुन्दहरी घिमिरे | का.स. | ९८४७१०७१५१ |
| ११. | रिता अधिकारी | का.स. | ९८६७५४३९९५ |
| १२. | गोविन्द श्रेष्ठ | का.स. | ९८४७१०७४५३ |

## ६. जिल्ला समन्वय समितिको शाखा र जिम्मेवारी अधिकारी:-

| सि.न. | शाखा | शाखा प्रमुखको पद नाम थर | कैफियत |
|---|---|---|---|
| १. | व्यवस्थापन शाखा | शा.अ. श्री बाबुराम थापा | |
| २. | अनुगमन तथा मूल्याङ्कन शाखा | इन्जिनियर श्री कुशन भण्डारी | |
| ३. | जिन्सी फाट | ना.सु. श्री विनोद प्रसाद कुँवर | |
| ४. | लेखा फाट | ले.पा. श्री योगेस पन्थी | |
| ५. | प्रशासन फाट | खरिदार श्री नारायण प्रसाद दमासे | |

CamScanner

### ७. जिल्ला समन्वय समिति अर्घाखाँचीबाट प्रदान गरिने सेवाहरु

- बुदा नं. २ मा उल्लेख भएको काम कर्तब्य र अधिकार मा उल्लेख भए बमोजिमको सबै प्रकारको सेवा प्रदान गर्ने ।
- विभिन्न निकायहरु विच समन्वय र अनुगमन सम्बन्धि कार्य गर्ने ।

## ८. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

यस कार्यालयवाट प्रदान गर्ने सवै सेवाहरु नि:सुल्क हुने र सेवा प्रदान तुरुन्त हुने ।

## ९. सम्पादित कामहरु:-

क) जिल्ला समन्वय समितिको मितिः२०८२/०४/१९ गते वसेको वैठकवाट यस जिल्लामा २०७० मा तत्कालिन जिल्ला विकास समितिको कार्यालयवाट प्रकाशन गरिएको जिल्ला पास्वचित्र अर्घाखाची (District profile Arghakhanchi), हाल सम्म अध्यावधिक नभएकाले जिल्लाको सम्पूर्ण जानाकारी एकिकृत रुपमा प्राप्त गर्ने District profile तयारी गर्ने जिल्लाको एकिकृत प्रोफायल तयार गर्ने गाउपालिका र नगरपालिकाहरुसगँ पालिकागत रुपमा पालिका भित्रका सम्पूर्ण गतिविधिहरु शिक्षा, स्वास्थ्य, वेरोजगारी, कृषि योग्य जमिन, शिचाइ सुविधा पुगेको जमिन, शिचाइ सुविधा नपुगेको जमिन, जनसंख्या लगाएतका विवरण PDF र Word File मा माग गर्ने निर्णय भएको थियो ।

ख) जिल्ला समन्वय समितिको मिति:२०८२/०५/०६ गते वसेको वैठकवाट जिल्ला समन्वय समितिका पदाधिकारीहरु र जिल्ला समन्वय समितिको कार्यालयका कर्मचारीहरु विच आउदै गरेको हिन्दु महिलाहरुको महान पर्व हरितालिका तिजको अवसरमा सुभकामना आदान प्रदान गर्ने र चाड पर्वको वेला उपभोग्य सामाग्रीहरुको कृतिम अभाव सृजना गरी महङ्गो मुल्यमा सामानहरु विक्रि वितरण गर्ने र गुणस्तरहिन सामाग्रीहरुको विक्री गर्ने जस्ता कार्यहरु हुन नदिन उपभोक्ताहितको संरक्षणको लागि वजार अनुगमनलाइ प्रभावकारी वनाउन पालिकाहरुलाइ निर्देशन दिने निर्णय गरिएको थियो ।

ग) जिल्ला समन्वय समितिका प्रमुख श्री जीवनारायण कोइरालाको अध्यक्षतामा मिति:२०८२/०६/२६ गते वसेको वैठकवाट

१ - अर्थ मन्त्रालयको च.नं. ११८ मिति:२०८२/०६/०७ गतेको पत्रको विषयमा ब्यापक छलफल गरियो । अव स्थानीय तहहरुमा आवश्यकता,वितरणमुखि,अनुत्पादक तथा प्रतिफल प्राप्त नहुने खालका योजनाहरु कटौटी गर्ने, खर्चमा मितब्ययिता कायम गर्ने, अधिकतम पारद्रसिता कायम गर्ने, जनतावाट जनगुनासो आउन नदिइ जनताले विकाशको प्रतक्ष सुशासनको अनुभुति गर्न पाउने किसिमवाट सार्वजनिक सेवा प्रभावको ब्यवस्था मिलाउने निर्णय भएको थियो ।

CamScanner

२ - सडक डिविजन शिवपुर कपिलवस्तुको च.नं. १३८ मिति:२०८२/०६/२६ गतेको पत्र अनुसार उक्त डिविजनको वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तरगत यस अर्घाखाची जिल्लाका तपसिलका छ वटा योजनाहरु Gen-Z आन्दोलन पश्यात प्रणालीमा रोक्का रहेको कारण कार्यन्वयनमा जान नसकियको हुदा सम्वन्धित मन्त्रालयमा समन्वय गरिदिनुहुन अनुरोध भइ आएको देखियो ।

सो पत्रको विषयमा छलफल गर्दा तपसिलमा उल्लेखित योजनाहरु मध्य क्रम संख्या १ मा रहेको योजना यस जिल्लाको मात्र नभएर देशकै अत्याधिक आन्तरिक तथा वाह्य प्रयटक तथा दर्शनार्थीहरुको भिड हुने पर्यटकिय तथा धार्मिक स्थल सुपादेउराली मन्दिर रहेको स्थानमा पर्दछ । सो स्थानको आसपासमा खराव कच्ची तथा सागुरो सडक रहेको पार्किङ स्थलको अभाव रहेकाले सवारीको चाप अत्याधिक रहेको र योजनाको ठेक्का पकृया समेत अगाडी वढाइएकाले उक्त योजना जिल्ला कै महत्वपूर्ण योजनामा पर्ने तथा क.स.-२ मा रहेको योजना भुगोलको हिसावले नेपाल कै सवै भन्दा ठूलो तथा भौगोलिक रुपमा विकट स्थानहरु रहेको शितगंगा नगरपालिकामा कार्यान्वयन हुने प्रमुख योजना रहेको र यो योजना कार्यान्वयनले भौगोलिक रुपमा विकट स्थानहरुलाइ सडक सन्जाल सगँ जोड्न सहयोगी हुने, जनताले विकास महसुस गर्न पाउने तथा ठेक्का प्रकृया समेत अगाडी बढेको योजना भएकोले ति दुइ योजनाहरु सहित अन्य क्रमस ३ देखि ६ सम्मका योजनाहरु समेत अति आवश्यक रहेकाले रोक्का रहेको वजेट फुकुवाका लागि श्री अर्थ मन्त्रालय र श्री भौतिक पुर्वाधार तथा यातयात मन्त्रालयमा पठाउने निर्णय भएको थियो ।

तपसिल

| क्र.स. | व.उ.शि.न. | कम्पोनेन्ट | योजनाको नाम | वजेट अख्तियारी | रोक्का रहेको वजेट |
|---|---|---|---|---|---|
| १. | ३३७०११६९ | २८३८ | पार्किङ स्थल निर्माण,शि.न.पा.-२ र स.न.पा.-७ सिमानामा पर्ने सुपादेउराली निर्माण | ३ करोट | ३ करोड |
| २. | ३३७०११६९ | ३२१७ | भालुवाङ्ग नुवाकोट खन गुफा हुदै खरवाङ्ग सडक अर्घाखाची | ३ करोड | ३ करोड |
| ३. | ३३७०११६९ | २८३९ | सन्धिखर्क न.पा.- ८ घोचेखोला शिवनेटा हमालडाडा सिमलपारा हुदै म्यालपोखरी सडक, अर्घाखाँची | ३ करोड | ३ करोड |
| ४. | ३३७०११६९ | ३२१९ | डाडाकटेरी घडेरी पटौली अमिले ढाव कुभिन्डे गर्छा सडक निर्माण,मालारानी - २ अर्घाखाँची | ३ करोड | ३ करोड |
| ५. | ३३७०११६९ | २८५५ | कपिलबस्तु झन्डा वनगाइ मोतिपुर हुदै अर्घाखाची डोहटे सन्धिखर्क दुइ जिल्ला जोडने सडक | ३ करोड | ३ करोड |
| ६. | ३३७०११६९ | ३२१८ | उपल्लो पोखरा पिपलनेटा ढाकावाङ गोखुङ्गा सडक,अर्घाखाँची | ३ करोड | ३ करोड |

घ) मितिः २०८२/०६/२६ गते वसेको जिल्ला सभाले तपसिल अनुसारका ३ वटा निर्णय गरेको थियो ।

१. - जिल्ला सभा, अर्घाखाचीका सचिव (जिल्ला समन्वय अधिकारी) श्री राजेन्द्र प्रसाद गौतमले सभा समक्ष पेश गर्नु भएको निम्नानुसारको ब्यहोरा भएको आ.व.२०८२/८३ को वजेट (आय ब्याय अनुमान) सर्व सहमत निर्णय भएको थियो ।

निम्नानुसार

| आय विवरण | | ब्याय विवरण | |
|---|---|---|---|
| आयको श्रोत | रकम | खर्च शिर्षक | रकम |
| नेपाल सरकार (नगद आन्तरिक ऋण) | १६३६२००० | कार्यक्रम खर्च वार्षिक समिक्षा,स्थानीय तह सगँ अनुभव आदान प्रदान समेत | ६,००,०००/- |
| | | अनुगमन मुल्याङ्कन र भ्रमण खर्च | १२,००,०००/- |
| | | पारिश्रमिक (स्विकृत दरवन्दी भित्र) | १,०५,००,०००/- |
| | | निजि सचिवालय करार कर्मचारी | ४,६२,०००/- |
| | | अनिवार्य दायित्व सहितका कार्यालय सन्चालन खर्च | ३६,००,०००/- |
| प्रदेश सरकार (नगद आन्तरिक श्रोत) | ५,००,०००/- | मसलन्द तथा कार्यालय सामाग्री | २,००,०००/- |
| | | स्थानीय तहको विकास ब्यवस्थापन समिक्षा | १,००,०००/- |
| | | अनुगमन मूल्याङकन खर्च | २,००,०००/- |
| जम्मा | १,६८,६२,०००/- | जम्मा | १,६८,६२,०००/- |

२. आ.व. २०८२/८३ को सन्दर्भमा आजसम्ममा भएको खर्च सम्वन्धमा छलफल गर्दा यस जिल्ला समन्वय समितिको कार्यालय, अर्घाखाँचीवाट भएको खर्च यसै बजेट वमोजिम हुने अनमोदन तथा स्विकृति गर्ने निर्णय भएको थियो ।

३. मौज्दात कोषवाट हुने खर्च सम्वन्धमा छलफल गर्दा यस कार्यालयमा मौज्दात कोषमा रु. ८,९९,५५७/८७ रकम वाकी रहेको देखिएकाले उक्त रकम आवश्यक्ताको आधारमा जिल्ला समन्वय समितिको मौज्दात कोष सन्चालन निर्देशिका २०७५ वमोजिम हुने समितिवाट निर्णय वमोजिम खर्च गर्ने सहमति प्रदान गरिएको थियो ।

ङ) जिल्ला समन्वय समितिका प्रमुख ज्यू अध्यक्ष हुने दर्जनौ समितिमा प्रमुख ज्यूको प्रतक्ष उपस्थितिमा वैठक वसी निर्णय तथा निर्देशन दिने कार्य निरन्तर रुपमा आवश्यक्ता अनुसार भएको थियो ।

च) जिल्ला समन्वय समितिको कार्यालयका प्रतिनिधि रहने गरि भएका ब्यवस्था अनुकुन जिल्ला स्थित विभिन्न कार्यालयहरुको समितिमा उपस्थित भइ निर्णयमा सहभागि हुने गरिएको थियो ।

छ) विभिन्न कार्यालयवाट प्राप्त भएका सूचनाहरूलाइ सूचना पाटीमा टास गरी माग अनुसार जानाकारी दिने कार्य निरन्तर भएको ।

CamScanner

ज) शितगंगा र सन्धिखर्क नगरपालिकाको अनुरोधमा पालिका भित्रका नदिहरुको नदिजन्य पदार्थको मापन, उत्खनन,घाटगद्दि तथा क्रेसर उद्योग लगाएत निर्माण सामाग्रीको अनुगमन गर्ने गरिएको थियो ।

झ) जिल्ला भित्रमा पालिका, प्रदेश तथा संघीय सरकारवाट सन्चालनमा रहेका योजना तथा कार्यक्रमहरुलाइ आवश्यकता अनुसार अनुगमन गरी सूझाव र सचेत गराउने काम गरीएको ।

**१०. निर्णय गर्ने प्रकृया र अधिकारी:-**

- शाखासँग सम्वन्धित नियमित कार्यहरु शाखा प्रमुख मार्फत कार्यालय प्रमुखको निर्णयवाट हुने ।
- विशेष तथा कार्यालय प्रमुखवाट हुनुपर्ने भनि तोकिएको कामहरु कार्यालय प्रमुखको निर्णयवाट हुने ।
- नितिगत विषयका निर्णयहरु जिल्ला समन्वय समिति र जिल्ला सभावाट हुने ।

**११. निर्णय उपर उजरी सुन्ने अधिकारी:-**

- जिल्ला समन्वय अधिकारी मातहतवाट भएका निर्णयमा जिल्ला समन्वय अधिकारी ।
- जिल्ला समन्वय अधिकारीवाट भएको निर्णयको जिल्ला समन्वय समितिको प्रमुख ।
- दैनिक सेवा प्रवाह तथा कर्मचारीको कार्य ब्यवहार वारे गुनासो सुन्ने अधिकारी:- शाखा अधिकृत/सूचना अधिकारी ।

**१२. वित्तिय प्रगति विवरण :-**

| क्र.स. | वजेट शिर्षक | वजेट रकम | खर्च रकम | वाकि वजेट |
|---|---|---|---|---|
| १. | कर्मचारी र पदाधिकारीको तलव/पारिश्रमिक/विविध भत्ता | १,०५,००,०००/- | २७,३९,९४०/९० | ७७,६०,०५९/१० |
| २. | निजि सचिवालय करार कर्मचारी | ४,६२,०००/- | - | ४,६२,०००/- |
| ३. | अनिवार्य दायित्व सहितका कार्यालय सन्चालन खर्च | ३६,००,०००/- | ३,२५,८१३/- | ३२,७४,१८७/- |
| ४. | कार्यक्रम खर्च (वैठक र वार्षिक समिक्षा र स्थानीय तहसगँ अनुभव आदान प्रदान समेत) | ६,००,०००/- | - | ६,००,०००/- |
| ५. | अनुगमन मूल्याङ्कन र भर्मण खर्च | १२,००,०००/- | २,०८,६८६/- | ९,९१,३१४/- |
| | जम्मा | १,६३,६३,०००/- | ३२,७४,४३९/९० | १,३०,८७,५६०/१० |
| ६. | अनुगमन मूल्याङ्कन खर्च (प्रदेश) | २,००,०००/- | - | २,००,०००/- |
| ७. | स्थानीय तहको विकास ब्यवस्थापन समिक्षा(प्रदेश) | १,००,०००/- | | १,००,०००/- |
| ८. | मसलन्द तथा कार्यालय सामाग्री(प्रदेश) | २,००,०००/- | | २,००,०००/- |
| ९. | कोष तर्फको विवरण | ८,९९,५५७/८५ | | ८,९९,५५७/८५ |
| १०. | धरौटी विवरण | ४६,२५,५३९/८८ | -------- | ४६,२५,५३९/८८ |

अर्घाखाँची
सन्धिखर्क
लुम्बिनी प्रदेश, नेपाल

**१२. ऐन, नियम, विनियम, कार्यविधिको विवरण:-**

- जिल्ला सभा,जिल्ला समन्वय समिति र वार्षिक समिक्षा वैठक संचालन कार्यविधि,२०७६

- जिल्ला समन्वय समिति, अर्घाखाँचीवाट गरिने समन्वय तथा अनुगमन सम्वन्धि कार्यविधि, २०७६

**१३. कार्यालयको वेभसाइट तथा इमेल:-**

- कार्यालयको वेभसाइट:- **www.dccarghakhanchi.gov.np**
- कार्यालयको इमेल:- **ddcarg@gmail.com**

**१४. सूचना अधिकारी र प्रमुखको नाम पद र सम्पर्क नं.**

| विवरण | कार्यालय प्रमुख | सूचना अधिकारी |
|---|---|---|
| नाम: | श्री राजेन्द्र प्रसाद गौतम | श्री विनोद प्रसाद कुँवर |
| पद: | जिल्ला समन्वय अधिकारी | नायव सुब्वा |
| सम्पर्क: | ९८५७०४४२२२ | ९८५७०६३०४७ |
| इमेल: | ddcarg@gmail.com | ddcarg@gmail.com |